# हलेसी तुवाचुङ नगरपालिका

[illegible]

## नगर कार्यपालिकाको कार्यालय

दुर्छिम, खोटाङ

कोशी प्रदेश,नेपाल

हलेसी तुवाचुङ नगर कार्यपालिकाको कार्यालय दुर्छिम,खोटाङ कोशी प्रदेश,नेपाल

प.स.०८०/८१

च.न. ९३६

मितिः २०८०/०४/२६

### ग्याभिन तारजाली लिलाम बढाबढको सूचना

**प्रकाशित मितिः २०८०/०४/२६**

हलेसी तुवाचुङ नगरपालिकाको समितिको मिति २०८०/०४/२२ गतेको निर्णयानुसार हलेसी तुवाचुङ नगरपालिका वडा नं. ९ सल्लेमा रहेको सल्ले पोखरीमा प्रयोग भएको पुराना ग्याभिन तारजाली लिलाम गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ । यस दरभाउपत्रमा सहभागी हुन चाहाने ईच्छुक व्यक्ति, फर्म, कम्पनी र संस्थाले सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

**तपसिलः**

१. आफुले कवोल गरेको रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई सहिछाप गरी आफै वा आफ्नो प्रतिनिधिद्वारा सिलबन्दी पेश गर्नुपर्ने छ ।
२. यस कार्यालयको छाप र कार्यालय प्रमुख वा कार्यालय प्रमुखले तोकेको कर्मचारीको सहिछाप नभएको लिलाम खरिद आवेदन पत्रलाई मान्यता दिईने छैन । साथै म्याद नाघी वा रितपूर्वक नभएको पत्र उपर कारवाही हुने छैन ।
३. सूचना प्रकाशन भएको मिति देखी सातौं दिन (मिति २०८०/०४/३२) को कार्यालय समयभित्र लिलाम आवेदनपत्र खरिद गर्न सकिनेछ र आवेदनपत्र दाखिला गर्ने अन्तिम मिति र समय सूचना प्रकाशन भएको मितिले आठौं दिन (मिति २०८०/०५/०१) को दिउसो १२:०० बजे सम्म हुनेछ ।
४. लिलाम बढाबढको सिलबन्दी पत्र नगरपालिकाको कार्यालयमा सूचना प्रकाशन भएको मितिको दिन आठौं दिन (मिति २०८०/०५/०१) को दिउसो २:०० बजे खोलिने छ । सिलबन्दी खोल्ने समयमा सिलबन्दीदाता स्वयम् वा निजको प्रतिनिधि उपस्थित नभएमा सिलबन्दी खोल्न बाधा पर्ने छैन । सिलबन्दी स्वीकृत गर्ने अधिकार नगरपालिकाको कार्यालयमा निहित रहनेछ ।
५. बढाबढमा रितपूर्वक बढी अंक कवोल गरी स्वीकृत भएको सूचना प्रकाशन भएको ७ (सात) दिन भित्र कबोल रकम एकमुष्ठ रुपमा दाखिला गरी सोही दिन सामग्री उठाई लैजानु पर्नेछ । तोकिएको समय सिमाभित्र सामग्री नलगेमा नियमानुसार हुनेछ ।
६. यो सूचनामा उल्लेखित कुराहरु सूचना बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

| क्र.सं. | शीर्षक | न्यूनतम कबोल रकम (VAT बाहेक) | आवेदनपत्र खरिद दस्तुर | कै |
|---|---|---|---|---|
| १ | सल्ले पोखरीको पुरानो ग्याभिन तारजाली लिलाम गर्ने काम | ८९७७५.८४ (अक्षरेपी उन्नब्बे हजार सात सय पचहत्तर रुपैया चौरासी पैसा मात्र) | १०००/- (एक हजार मात्र) | |

कैलाश बहादुर ठकुराठी
प्रमुख प्रशासकीय अधिकृत

कैलाश बहादुर ठकुराठी
प्रमुख प्रशासकीय अधिकृत

| पान नं. | २ | ० | १ | ३ | ३ | ८ | ७ | ८ | ६ |
|---|---|---|---|---|---|---|---|---|---|